## मिति २०७४/११/१३ गते जि.स.स. काठमाडौं र काठमाडौं महानगरपालिका विच वसेको समन्वय वैठकको निर्णयहरु :

**निर्णय नं. १ :**

रजिष्ट्रेशन रकम वांडफांडका लागि मिति २०७४/०९/१३ मा जि.स.स.मा वसेको वैठकको निर्णयानुसार जि.स.स. काठमाडौं र महानगरपालिका विच मालपोत रकम र रजिष्ट्रेशन रकमको हिसाव एकिनका गठित समितिले पेश गरेको प्रतिवेदन र सो को सुझाव वमोजिम जि.स.स.ले आ.व. २०७३/०७४ सम्मको महानगरपालिकालाई दिन वांकी रहेको रजिष्ट्रेशन वापतको रकम रु. १२,२१,६८,४९४।६९ जि.स.स. काठमाडौंका प्रमुख र काठमाडौं महानगरपालिकाकाको नगर प्रमुखको उपस्थितिमा चेक हस्तान्तरण गर्ने ।

**निर्णय नं. २ :**

जि.स.स. काठमाडौंको कार्यालय भवनमा महानगरपालिकाका विभिन्न शाखाहरु संचालन रहेको ती कार्यालय र जि.स.स. विच विभिन्न सन्दर्भमा समन्वय गरी कार्य गर्नुपर्ने, सहयोग आदान प्रदान गर्नुपर्ने भएकोले सो कार्यका लागि महानगरपालिकाका तर्फबाट जि.स.स. संग समन्वय गर्न काठमाडौं महानगरपालिकाको निर्देशक (PPPU) श्री महेश काफ्लेलाई सम्पर्क व्यक्ति तोक्ने ।

**निर्णय नं. ३ :**

जि.स.स. भवनको भुईतल्लामा पानी जम्ने गरेको र सो को निकासको व्यवस्थापन हुन नसकेको सम्वन्धमा काठमाडौं महानगरपालिकाको पूर्वाधार महाशाखाले सो को अध्ययन गरी प्राविधिक प्रतिवेदन सहितको सुझाव दिने ।

**निर्णय नं. ४ :**

कार्यालयलाई वातावरण मैत्री वनाई हरियाली कायम गराउन महानगरपालिका र जि.स.स.को समन्वयमा आवश्यक कार्य गर्ने ।

**निर्णय नं. ५ :**

जि.स.स.को कार्यालय भवनमा संचालित विभिन्न कार्यालयहरु रहेको स्थान (तल्ला) खुल्ने गरी एकीकृत फ्लेक्स वोर्ड जि.स.स.ले तयार गरी सेवाग्राहीले सजिलै देख्ने स्थानमा राख्ने ।

**निर्णय नं. ६ :**

कार्यालय भवनबाट निस्कने फोहोर नियमित संकलनको व्यवस्था महानगरपालिकाले मिलाउने । जि.स.स.मा रहेको महानगरपालिकाको शाखा/प्रशाखाहरुको सरसफाईको लागि जि.स.स.ले महानगरपालिकालाई २ जना सरसफाई कर्मचारी उपलव्ध गराउने ।

**निर्णय नं. ७ :**

जिल्ला समन्वय समितिको भुई तल्ला तथा पहिलो तल्ला र तेस्रो तल्लाका केही कोठाहरु काठमाडौं महानगरपालिकाले भाडामा लिएकोमा उक्त कोठाहरु लिने दिने वेलामा गरिएको नापजाँच भन्दा हाल केही घटी/वढी ठाउँ (Space) महानगरले लिएको हुंदा महानगर र जि.स.स.का प्राविधिकबाट हाल महानगरले लिएको ठाउँ नापजाँच गरी एकिन गर्ने र सोही अनुसार भाडा समायोजना गर्ने र साथै महानगरलाई अझ पनि ठाउँ अपुग भईरहेको हुँदा थप फ्लाट तथा कोठाहरु उपलव्ध गराउन जि.स.स.ले सकारात्मक पहल गर्ने ।